# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
### कीर्तिपुर, काठमाडौं

चलानी नं. ..................  मिति: २०८२/१२/१८

**दर्शनाचार्य-विद्यावारिधि (M Phil–PhD) तहमा अध्ययनका लागि आवेदन खुल्ला गरिएको सूचना**

त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्कायद्वारा सञ्चालित दर्शनाचार्य-विद्यावारिधि (M Phil–PhD) कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०२५(२०८२/०८३) का लागि डीन कार्यालयले तोकेका तपसिलका विषयहरूमा दर्शनाचार्य-विद्यावारिधि (M Phil–PhD) तहमा नयाँ भर्ना भई अध्ययन गर्न चाहने विद्यार्थीहरूका निमित्त प्रवेश परीक्षाका लागि अनलाइन आवेदन फाराम खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

द्रष्टव्य :

- दर्शनाचार्य-विद्यावारिधि (M Phil-PhD) कार्यक्रम अन्तर्गत आवेदकहरूद्वारा Google मा **entrance.tufohss.edu.np** टाइप गरी **New Student Registration** बाट आफूले भर्ना हुन चाहेको विषय तथा अध्ययन गर्न चाहेको केन्द्रीय विभाग/कार्यक्रमहरू छनौट गरी अनलाइन आवेदन फाराम भर्न सकिने छ। म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फाराम उपर कुनै कार्यवाही हुने छैन। यस सम्बन्धी अन्य विस्तृत विवरण यस सङ्कायको वेवसाइटबाट प्राप्त गर्न सकिने छ।

(१) **दर्शनाचार्य-विद्यावारिधि (M Phil-PhD) कार्यक्रममा भर्ना सम्बन्धमा :**

**१.१ दर्शनाचार्य-विद्यावारिधि कार्यक्रमका निमित्त निम्न लिखित विषयमा आवेदन माग गरिएको छ :**

| **विषयहरूः** | 13. Journalism & Mass Communication |
|---|---|
| 1. Anthropology | 14. Linguistics |
| 2. Buddhist Studies | 15. Nepalbhasha |
| 3. Conflict Peace and Development Studies (CPDS) | 16. Nepalese History Culture & Archeology (NeHCA) |
| 4. Economics | 17. Nepali |
| 5. English | 18. Political Science |
| 6. Fine Arts | 19. Population Studies |
| 7. Gender Studies | 20. Psychology |
| 8. Geography | 21. Rural Development |
| 9. Hindi | 22. Social Work |
| 10. History | 23. Sociology |
| 11. Home Science | |
| 12. International Relations & Diplomacy (IRD) | |

**१.२ योग्यता :**

**(क)** त्रि.वि. वा त्यसबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरहको परीक्षा कम्तीमा **CGPA 3.0** वा द्वितीय श्रेणी प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्नेछ।

**(ख)** आवेदन फारामसँग **प्रवेशिकादेखि स्नातकोत्तर तहसम्मको लब्धाङ्कपत्र, प्रमाणपत्र, ट्रान्सक्रिप्ट तथा नागरिकताको प्रमाणपत्र**को प्रतिलिपि पेस गर्नुपर्नेछ।

कीर्तिपुर, काठमाडौं, नेपाल। टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८, ५-३१४६७९
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np

(ग) अन्य विश्वविद्यालयबाट उल्लिखित तह उत्तीर्ण गरेका आवेदकहरूले **समकक्षता (Equivalence) र स्थानान्तरणको प्रमाणपत्र** प्रस्तुत गर्नु पर्ने छ ।

(घ) **आवेदकले स्नातकोत्तर तहमा अध्ययन गरेको विषयभन्दा फरक विषयमा आवेदन दिन चाहेमा सम्बन्धित केन्द्रीय विभाग र विभागहरूले तोकेको मापदण्ड अनुसार** डीन कार्यालयले तोकेको विषयमा मात्र आवेदन दिन पाइने छ। आवेदन दिएको **विषय पछि परिवर्तन गर्न पाइने छैन ।**

**१.३ आवेदन प्रक्रिया र मिति :**

(क) आवेदन फाराम भर्ने समयावधि : मिति २०८२ चैत्र २० गतेदेखि २०८३ बैशाख १९ गते राति १२:०० बजेसम्म ।

(ख) आवेदन दस्तुर रू. ५,०००/- (अक्षरेपी रू. पाँच हजार मात्र आवेदकहरूले Online फाराम भर्ने बेलामा e-Sewa अथवा Khalti मार्फत आवेदन दस्तुर बुझाउनुपर्ने छ । उल्लिखित योग्यता पुगेका आवेदकले मात्र आवेदन दस्तुर वापतको रकम बुझाउन सिफारिश गरिन्छ । **योग्यता नपुगी आवेदकले आवेदन दस्तुर बुझाएको खण्डमा उक्त दस्तुर फिर्ता नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।**

(ग) सम्बन्धित विभाग/कार्यक्रमहरूले परीक्षार्थीहरूले अनलाइन मार्फत भरेका आवेदन फारामहरू डीन कार्यालयले उपलब्ध गराएको **username** र **password** प्रयोग गरी आवेदन दस्तुर, मिल्दो विषय आदि रुजू गरी मिति २०८३ बैशाख २२ गतेभित्र स्वीकृत गर्नु पर्ने छ । सम्बन्धित विभाग/कार्यक्रमहरूबाट स्वीकृत भए पश्चात् डीन कार्यालयबाट समेत स्वीकृत गरी मिति २०८३ बैशाख २३ गतेदेखि परीक्षार्थीहरूले आफ्नै **username** र **password** प्रयोग गरी प्रवेश-पत्र प्राप्त गर्न सक्ने छन् ।

(घ) दर्शनाचार्य तहको प्रवेश परीक्षा २०८३ बैशाख २६ गते शनिबार विहान ०८:०० बजेदेखि ११:०० बजेसम्म विश्वविद्यालय क्याम्पस त्रि.वि. कीर्तिपुर परिसरमा सञ्चालन हुने छ ।

**१.४ प्रवेश परीक्षा सम्बन्धी थप जानकारी :**

(क) दर्शनाचार्य-विद्यावारिधि कार्यक्रममा भर्ना हुनका लागि आवेदकहरूले **डीन कार्यालयले** सञ्चालन गर्ने प्रवेश परीक्षा दिनुपर्ने छ । प्रवेश परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरूमध्ये योग्यताक्रममा परेका उम्मेदवारहरूलाई मात्र भर्ना हुनका लागि अनुमति दिइने छ ।

(ख) कुनै विषयमा आवेदन दिने शोधार्थीको सङ्ख्या ५ भन्दा कम भएमा आवेदकले चाहेको अर्को विषयमा (विषय समितिले अनुमति दिएको विषयमा) प्रवेश परीक्षा दिन सक्ने छन् । ५ भन्दा कम आवेदन परेका विषयमा विनियममा भएको व्यवस्था अनुसार प्रवेश परीक्षा सञ्चालन गर्न डीन कार्यालय बाध्य हुने छैन ।

(ग) लिखित प्रवेश परीक्षा २ विषय/क्षेत्रहरूमा केन्द्रित हुने छ : **विषयगत ज्ञान र शोध विधि (पूर्णाङ्क १००)** ।।प्रवेश परीक्षा ३ घण्टाको हुने छ । प्रश्नपत्रको संरचना यस सङ्कायको वेबसाइटमा राखिने छ । लिखित परीक्षामा उत्तीर्ण भएका उम्मेदवारलाई मात्र अन्तरवार्तामा सहभागी गराइने छ। लिखित र अन्तर्वार्ताको प्राप्ताङ्क जोडेर उत्तीर्ण उम्मेदवारहरूको योग्यताक्रम प्रकाशित गरिने छ ।

(घ) उल्लिखित विषयहरूमा प्रत्येक विषयको भर्ना सङ्ख्या अधिकतम ३५ जना रहने छ ।

(ङ) अन्तरवार्ता सम्बन्धी सूचना लिखित परीक्षाको नतिजा प्रकाशन पछि जानकारी गराइने छ ।

अन्य जानकारीका लागि डीन कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध छ। भर्ना लगायत अन्य कुराहरूको जानकारी अर्को सूचनाद्वारा अवगत गराइने छ ।

डा. चिरञ्जीवी आचार्य
सहायक डीन